# बागमती प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
# हेटौंडा अस्पताल, हेटौंडा



“प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६” को दफा ५ (१) र
“सूचनाको हक सम्बन्धी नियामवली, २०६५” को दफा (३) बमोजिम

<u>स्वतः प्रकाशन गरिएको विवरण</u>

२०८३ साल जेष्ठ १ गते देखि २०८३ भाद्र मसान्त सम्म सम्पादित अस्पतालको मुख्य-मुख्य क्रियाकलापहरु

**बागमती प्रदेश सरकार**

**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**

# हेटौंडा अस्पताल

**हेटौंडा, नेपाल**



डा.रामचन्द्र सापकोटा
निर्देशक

# विषय सूची

| क्र.सं. | सेवाको समग्र विवरण |
|---|---|
| १ | अस्पतालको स्वरुप र प्रकृति |
| २ | अस्पतालको काम, कर्तव्य र सेवाग्राहीका अधिकार |
| ३ | अस्पतालमा रहने कर्मचारी संख्या र कार्य विवरण |
| ४ | अस्पतालबाट प्रदान गरिने सेवा |
| ५ | अस्पतालको विभाग, वार्ड, ईकाइ, शाखा र जिम्मेवार अधिकारी |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी |
| ९ | सम्पादन गरेको कामको विवरण |
| १० | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण र अस्पतालमा संचालित कार्यक्रम आयोजनाहरुको वित्तिय प्रगति |
| १३ | अस्पतालको वेभसाइट र सोको विवरण |
| १४ | अस्पतालले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण |
| १५ | अस्पतालले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको |
| १६ | अस्पतालमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयहरु |
| १७ | अस्पतालको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण |



डा.रामचन्द्र सापकोटा
निर्देशक

## १. अस्पतालको स्वरुप र प्रकृति

यो हेटौंडा अस्पताल मकवानपुर जिल्लाको सुन्दर नगरी हे.उ.म.न.पा वडा नं. १ मा राप्ती नदीको किनारमा अवस्थित रहेको छ । यसको क्षेत्रफल ४ बिगाहा भए पनि यसको पूर्वको जग्गामा श्री स्वास्थ्य आपूर्ति केन्द्र रेडक्रस पश्चिम तर्फ ब्लड बैंकको बिल्डिङ्ग बनेका छन् । अस्पताल परिसर भित्र स्वास्थ्य निर्देशनालय पनि रहेकोले यस अस्पतालका जग्गाको केही भाग अन्य स्वास्थ्य संस्थाले उपभोग गरेको कारण यसको जग्गा साँघुरिदै गएको छ, जसले गर्दा अस्पतालको विस्तार गर्न यो एउटा ठूलो तगारोको रुपमा रहेको देखिन्छ । तैपनि यो अस्पताल बिकसित हुँदै गएको छ । यो अस्पताल सुरुमा २०१६ सालमा १५ बेड बाट शुरु भै जिल्ला अस्पतालको रुपमा २०२२ सालमा स्थापना भएको थियो । बिकासको क्रममा हेटौंडा अस्पताल बिकास समिति गठन भै अस्पतालको विकास गर्नमा सहयोगको क्रममा विकास सेवा समितिबाट २५ शैया थपगरी नेपाल सरकारको २५ शैया र विकास समितिको २५ शैया गरी जम्मा ५० शैया संचालन भै सेवा प्रदान गर्दै आएको अवस्थामा आ.व. २०६१/६२ सालमा मन्त्री परिषदको निर्णयानुसार उपक्षेत्रीय अस्पतालको नाममा नामाकरण गरिए पनि उपक्षेत्रीय अस्पतालको दरबन्दी पठाउन नसकेको कारण मिति २०७१/३/२० को मन्त्री परिषदको निर्णयले ५० शैया कायम गरी सोही अनुसार दरबन्दी स्थापना भै पदपुर्ति भइ रहेको र नेपाल सरकारको ५० शैया संचालनमा आएको र विकास समितिको १५० शैया कायम भई यस अस्पतालमा २०० शैया प्रयोग भइ रहेको थियो । त्यस पश्चात मिति २०८०/०४/२२ गते बागमती प्रदेश सरकारको निर्णय अनुसार प्रदेश सरकारको २०० शैया र अस्पताल संचालन तथा विकास समितिको १०० शैया गरि कुल ३०० शैया संचालन भइरहेको छ । नेपाल सरकारले स्थानीय स्तरसम्म संस्थागत विकास गर्न तथा भौतिक संरचनामा उल्लेखनीय उपलब्धी हासिल गरे तापनि उचित मानव संसाधनको व्यवस्थापन र गुणस्तरीय सेवाको पहुँचमा राम्रो सुधार हुन सकेको छैन । अतः राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले सम्पूर्ण जनतालाई आधारभूत प्राथमिक स्वास्थ्य सेवा सुलभ रुपमा उपलब्ध गराई जनताको स्वास्थ्य स्तर उकास्ने लक्ष्य राखेको छ । नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवा प्राप्त गर्नु जनताको मौलिक हकको रुपमा अंगिकार गरेको र स्वास्थ्य सेवा ऐन २०७३ तथा नियमावली २०७५ मा रहेको व्यवस्था अनुरुप स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिले स्तरीय सेवा प्रदान गर्ने उद्देश्य नेपाल सरकारले लिएको छ । सोही बमोजिम यो अस्पतालमा पनि गुणस्तरिय सेवाको लागी विभिन्न तवरले अगाडी बढिरहेको छ । यस अस्पतालमा मकवानपुर बाहेक बारा, पर्सा, रौतहट, सर्लाही, सिन्धुली का सेवाग्राहीहरु स्वास्थ्य सेवा लिन आउने गरेका छन् ।



..................
डा.रामचन्द्र सापकोटा
निर्देशक

| क्र.सं. | विभाग | क्र.सं. | विभाग |
|---|---|---|---|
| १ | ईमर्जेन्सी विभाग | १२ | फरेन्सिक विभाग |
| २ | मानसिक रोग | १३ | डेन्टल विभाग |
| ३ | स्त्री तथा प्रसुति | १४ | प्याथोलोजि विभाग |
| ४ | बालरोग विभाग | १५ | एनेस्थेसिया विभाग |
| ५ | सर्जरी विभाग | १६ | आयुर्वेद विभाग |
| ६ | अर्थोपेडिक विभाग | १७ | आँखा विभाग |
| ७ | मेडिसिन विभाग | १८ | Urology विभाग |
| ८ | छालारोग विभाग | १९ | CTVS विभाग |
| ९ | ई.एन.टी. विभाग | २० | रेडियोलोजि विभाग |
| १० | डेन्टल विभाग | २१ | न्यूरो सर्जरी विभाग |
| ११ | फेमिलि मेडिसिन | | |

| क्र.सं. | शाखा |
|---|---|
| १ | प्रशासन शाखा |
| २ | आर्थिक प्रशासन शाखा |
| ३ | खरिद शाखा |
| ४ | बायोमेडिकल ईन्जिनियरिङ्ग शाखा |
| ५ | मेडिकल रेकर्ड शाखा |
| ६ | स्वास्थ्य बिमा शाखा |
| ७ | काउण्टर शाखा |
| ८ | फार्मेसी शाखा |
| ९ | ओपिडि शाखा |
| १० | प्रयोगशाला शाखा |
| ११ | परिवार योजना तथा सुरक्षित गर्भपतन शाखा |

| क्र.सं. | वार्ड |
|---|---|
| १ | ईमर्जेन्सी वार्ड |
| २ | मेडिसिन वार्ड |
| ३ | अर्थो सर्जरी वार्ड |
| ४ | Burn वार्ड |
| ५ | गाईने वार्ड |
| ६ | पेडियाट्रिक वार्ड |
| ७ | जेरियाट्रिक वार्ड |
| ८ | साइक्राइटिक वार्ड |
| ९ | क्याविन वार्ड |
| १० | Post-OP वार्ड |
| ११ | ICU/HDU वार्ड |
| १२ | Hemodialysis वार्ड |
| १३ | OT |
| १४ | NICU/PICU |
| १५ | Cabin |
| १६ | सर्जरी वार्ड |
| १७ | ENT वार्ड |

| क्र.सं. | ईकाई |
|---|---|
| १ | सामाजिक सेवा ईकाई |
| २ | एकद्वार संकट व्यवस्थापन ईकाई/OCMC |
| ३ | ART सेवा ईकाई |

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १ | आमा सुरक्षा कार्यक्रम |
| २ | पोषण पुनर्स्थापन कार्यक्रम |
| ३ | विपन्न नागरिक उपचार कार्यक्रम |



..........................
डा.रामचन्द्र सापकोटा
निर्देशक

## २. अस्पतालको काम, कर्तव्य र सेवाग्राहीका अधिकार

जनस्वास्थ्य सेवा ऐन, २०७५ र नियमावली २०७७ अनुसार अस्पतालको काम, कर्तव्य र सेवाग्राहीका अधिकार तपसिल बमोजिम रहेका छन् ।

### क. आधारभुत स्वास्थ्य सेवा

खोप सेवा, एकीकृत नवजात शिशर तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात तथा बाल स्वास्थ्य सेवा, सरुवा रोग सम्बन्धी सेवा, नसर्ने रोग तथा शारीरिक विक्लाङ्गता सम्बन्धी सेवा, मानसिक रोग सम्बन्धी सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा, सामान्य आकस्मिक अवस्थाका सेवा, स्वास्थ्य प्रवर्धन सेवा, नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

### ख. आकस्मिक स्वास्थ्य सेवा

श्वास प्रश्वास सम्बन्धी, मुटु सम्बन्धी, नाक/कान र घाँटी सम्बन्धी,  मस्तिष्क तथा सम्बन्धी, पेट सम्बन्धी, प्रजनन् सम्बन्धी, हाडजोर्नी सम्बन्धी,  मुत्र प्रणाली सँग सम्बन्धी, मानसिक सम्बन्धी, सर्पदंश/किराको टोकाई/जनावरको टोकाई सम्बन्धी, बाल रोग सम्बन्धी, सामान्य आकस्मिक आकस्मिक अवस्थाका स्वास्थ्य सेवा सम्बन्धी, आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन ।

### ग. विशेषज्ञ सेवा

जनरल फिजिसियन सेवा, जनरल सर्जरी सेवा, रेडियोलोजी सेवा, मानसिक रोग सेवा, दन्त चिकित्सा सेवा, हाडजोर्नी सेवा, स्त्री रोग तथा प्रसुती सेवा, एनस्थेसियोलोजी सेवा, बाल तथा शिशु सेवा, नाक/कान र घाँटी सेवा, चर्म तथा यौन रोग सेवा, फार्मेसी सेवा, फरेन्सिक मेडिसिन सेवा, मन्त्रालयले तोकेका अन्य सेवा ।

### घ. विशिष्टिकृत सेवा

जेरियाट्रिक मेडिसिन, युरोलोजी, अर्थो सर्जरी, न्यूरोलोजी सर्जरी, मन्त्रालयले तोकेका अन्य सेवा ।

### ङ. अन्य सेवा र कार्यहरु

स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता, प्रेषण(रेफरल) सेवा, रक्त सञ्चार सेवा, शव परिक्षण र व्यवस्थापन गर्ने, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, सेवाग्राहीको सुसूचित सहमति लिनुपर्ने, सबैलाई समान व्यवहार गर्नुपर्ने, गोपनियता कायम राख्ने, मानव स्रोतको व्यवस्थापन र विकास, अनुसन्धान, नियमन, गुणस्तर मापन तथा अनुगमन, स्वास्थ्य वित्त र सामाजिक सुरक्षा, स्वास्थ्य बिमाको उपचार सेवा, औषधिको मुल्य, प्रेस्क्रप्सन, फार्मेसी र निशुल्क औषधि सम्बन्धी व्यवस्था, विस्तारित अस्पताल सेवा उपलब्ध गराउने, आकस्मिक स्वास्थ्य उपचार कोष स्थापना गर्ने, सरसफाई तथा फोहोरमैला व्यवस्थापन, जनस्वास्थ्यमैत्री आवास, पूर्वाधार निर्माण, कामदारको स्वास्थ्य सुरक्षा, लक्षित समूहहरुका



डा.रामचन्द्र सापकोटा
निर्देशक

लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रमहरु, जनस्वास्थ्य सम्बन्धी विज्ञापन तथा प्रचार प्रसार, आपतकालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन, संक्रमक रोगको रोकथाम, सूचना तथा उपचार, खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन, उजुरी र गुनासो सुन्ने र सोको समाधान सम्बन्धी कार्य गर्ने, सेवाप्रवाहको बारेमा सूचना उपलब्ध गराउने र सुसूचित गराउने, औषधिको भण्डारण तथा बिक्रि वितरण गर्ने, अभिलेख तथा रेकर्डिङ्ग गर्ने, मर्मत संभार तथा विद्युतिय व्यवस्थापन गर्ने, सेवा मैत्रि वातावरण निर्माण गर्ने, अस्पतालले प्रदान गर्ने सेवाको बारेमा जानकारी दिने ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ र नियमावली २०७७ का अतिरिक्त अस्पतालको काम, कर्तव्य र सेवाग्राहीका अधिकार तपसिल बमोजिम रहेका छन् ।

**१. चिकित्सा सेवा (Medical Services):**

**२. आपतकालिन सेवा (Emergency Services):**

**३. सामुदायिक स्वास्थ्य सेवा (Community Health Services):**

**४. विशेषज्ञ सेवा (Specialized Services):**

**५. अनुसन्धान र विकास (Research and Development):**

औषधि परिक्षण र प्रभावकारितामा अनुसन्धान, नयाँ उपचार प्रविधिको विकास, स्वास्थ्य सम्बन्धी तथ्याङ्क संकलन, चिकित्सा विद्यार्थीहरुका लागि तालिम, प्राविधिक उपकरणहरुको प्रयोगसम्बन्धी प्रशिक्षण, वैज्ञानिक अनुसन्धानका लागि अन्तर्राष्ट्रिय सहकार्य, रोग पहिचान सुधारका लागि अध्ययन, चिकित्सकीय अध्ययनका रिपोर्टहरु प्रकाशन, चिकित्सकीय विधिहरुमा नविनता, विशेष कार्यक्रमका लागि अनुदान खोजी ।

**६. प्रशासनिक तथा आर्थिक प्रशासन सम्बन्धी**

अस्पताल कर्मचारी व्यवस्थापन, सेवा समय तालिका तयार गर्नु, बजेट व्यवस्थापन, अनुदान प्राप्ति र प्रयोगको पारदर्शिता, प्राविधिक उपकरणको मर्मत र सञ्चालन, बिरामी र सेवा प्रदायक बिच समन्वय, स्वास्थ्य बीमा व्यवस्थापन, अस्पतालको सरसफाइ र सरसफाइ कर्मचारीको व्यवस्थापन, बिरामीको तथ्याङ्क र अभिलेख व्यवस्थापन, सेवा वापत लाग्ने दर प्रकाशन, आम्दानी संकलनको प्रणाली व्यवस्था, स्वास्थ्य सम्बन्धी निति कार्यान्वयन ।

**७. प्रशिक्षण र शिक्षा (Training and Education):**

चिकित्सा विद्यार्थीहरुलाई इन्टर्नसिप कार्यक्रम, चिकित्सक र नर्सहरुको तालिम, आपतकालिन अवस्था व्यवस्थापन प्रशिक्षण, विशेषज्ञताका लागि पोस्ट-ग्रेजुएट कार्यक्रम, सामुदायिक स्वास्थ्यकर्मी तालिम, सार्वजनिक स्वास्थ्य सम्बन्धी सेमिनार, स्वास्थ्यकर्मीहरुको ज्ञान अध्यावधिक, तालिमका लागि अन्तर्राष्ट्रिय साझेदारी, प्राविधिक ज्ञान विस्तार, औषधिको प्रभावकारिता अध्ययन ।

**८. अतिरिक्त सेवा (Additional Services):**



डा.रामचन्द्र सापकोटा
निर्देशक

मानसिक स्वास्थ्य परामर्श, पुनस्थापनाका लागि विशेष इकाइ, जेष्ठ नागरिकहरुको दीर्घकालिन सेवा, बिरामिका आफन्तहरुका लागि कक्ष व्यवस्था, अस्पतालभित्र औषधि पसल सञ्चालन, शव परिक्षण र व्यवस्थापन गर्ने, रक्त सञ्चार सेवाको व्यवस्थापन, औषधि अभाव न्यूनिकरण पहल, अस्पताल सुरक्षा प्रणाली सुदृढ, दुर्घटनाको प्रत्यक्ष अनुगमन सेवा, आत्महत्या रोकथाम सेवा ।

**९. नीति तथा कानूनी अधिकार (Policy and Legal Rights):**

बिरामीको गोपनीयता संरक्षण, गुणस्तरीय उपचारको ग्यारेन्टी, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु, बिरामीका अधिकारहरुको पालना, स्वास्थ्य संस्थानको नीति निर्माणमा सहभागिता, आपतकालीन अवस्थाहरुमा निर्णय लिने अधिकार, न्यायिक मामिलामा स्वास्थ्य प्रमाण उपलब्ध गराउने, सेवा शुल्क निर्धारण, बिरामीको उपचार अस्वीकार गर्ने आधार, चिकित्सा त्रुटिहरुको समाधान प्रक्रिया ।

**१०. भौतिक पूर्वाधार तथा सेवामैत्री वातावरण निर्माण**

आवश्यक भौतिक पूर्वाधार निर्माण, फोहोरमैला तथा ढल व्यवस्थापन, मर्मत संभार सम्बन्धी कार्य, विद्युत व्यवस्थापन, बालबालिकाको लागि प्ले स्टेसन व्यवस्थापन, अशक्त/अपाङ्गता र ज्येष्ठ नागरिक मैत्री पूर्वाधार निर्माण ।



डा.रामचन्द्र सापकोटा
निर्देशक

## ३. अस्पतालमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ३.१ अस्पताल विकास समितिका पदाधिकारीहरुको विवरण

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री भिमसागर गुरागाँई | अध्यक्ष(रजिष्टार) |
| २ | सह प्रा.डा.इन्दिरा अधिकारी पौडेल | सदस्य-डिन |
| ३ | श्री चिरञ्जीवी चुडाल | सदस्य-संयोजक |
| ४ | श्री रामकृष्ण कोइराला | सदस्य |
| ५ | श्री समिता लामा | सदस्य |
| ६ | श्री उत्सव राज चौलागाँई | सदस्य |
| ७ | श्री लक्ष्मी पौडेल | सदस्य |
| ८ | श्री दिनेश रुपाखेती | सदस्य-प्रतिनिधी मन्त्रालय |
| ९ | श्री हिरालाल तमाङ्ग | सदस्य |
| १० | सह प्रा.डा.रामचन्द्र सापकोटा | सदस्य सचिव |



..........................
डा.रामचन्द्र सापकोटा
निर्देशक

# Organogram Of Hetauda Hospital

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

हेटौडा अस्पताल, हेटौडा

(Secondary B Level-300 Beded Hospital)

(200 Provincial + 100 Management Committee)

**दरबन्दी तेरिज**

| क.स. | पद, नाम | तह | सेवा | समूह | मौजुदा स्थायी दरबन्दी | मौजुदा अस्थायी दरबन्दी | मौजुदा दरबन्दीमा | | प्रस्तावित दरबन्दी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | थप | घट | | |
| १ | अस्पताल निर्देशक | ११ | स्वास्थ्य | ज.हे.स. | १ | | | | १ | |
| २ | ब/क.अब्स्ट्रे./गाईनोकोलोजिष्ट | ९/१० | स्वास्थ्य | अब्स/गाइनो | १ | १ | | | २ | |
| ३ | ब/कन्सल्टेण्ट पेडियाट्रिसियन | ९/१० | स्वास्थ्य | पेडियाट्रिक्स | १ | १ | | | २ | |
| ४ | ब/क.जनरल फिजिसियन | ९/१० | स्वास्थ्य | मेडिसिन /ज.मे. | १ | १ | | | २ | |
| ५ | ब/कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट | ९/१० | स्वास्थ्य | एनेस्थेसियोलोजि | १ | १ | | | २ | |
| ६ | ब/कन्सल्टेण्ट साइक्याट्रि | ९/१० | स्वास्थ्य | साइक्याट्रि | १ | | | | १ | |
| ७ | ब/कन्सल्टेण्ट जनरल सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/ज.स. | १ | | | | १ | |
| ८ | ब/कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/अर्थो. | १ | | | | १ | |
| ९ | ब/कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९/१० | स्वास्थ्य | रेडियोलोजी | १ | १ | | | २ | |
| १० | क.न्यूरोलोजिष्ट/क.चिकित्सक | ९/१० | स्वास्थ्य | मेडिसिन न्यूरो./समुहिकृत नहुने | | १ | | | १ | |
| ११ | क.कार्डियोलोजिष्ट /क.चिकित्सक | ९/१० | स्वास्थ्य | मेडिसिन कार्डियो ./समुहिकृत नहुने | | १ | | | १ | |
| १२ | ब.मेडिकल सुपरिटेन्डेन्ट/क.चेष्ट फिजिसियन | ९/१० | स्वास्थ्य | मेडिसिन चेस्ट./समुहिकृत नहुने | | १ | | | १ | |
| १३ | क.ई.एन.टि.सर्जन/क.चिकित्सक | ९/१० | स्वास्थ्य | सर्जरी ENT /समुहिकृत नहुने | | १ | | | १ | |
| १४ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | ४ | २१ | १ | | २६ | |
| १५ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेण्टिष्ट्री | १ | | | | १ | |
| १६ | होमियोप्याथिक चिकित्सक | ८ | स्वास्थ्य | होमियोप्याथिक | | १ | | | १ | |
| १७ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७/८ | स्वास्थ्य | मे.ल्या.टे. | १ | | | | १ | |
| १८ | नर्सिङ्ग अधिकृत | ७/८ | स्वास्थ्य | ज.नर्सिङ्ग | १ | १ | | | २ | |
| १९ | फिजियोथेरापिष्ट | ७/८ | स्वास्थ्य | फिजियोथेरापी | १ | | | | १ | |
| २० | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७/८ | स्वास्थ्य | रेडियोग्राफी | | ५ | | | ५ | |
| २१ | माइक्रोबायोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे. | | १ | | | १ | |
| २२ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | | १ | | १ | |
| २३ | अधिकृत | ७/८ | प्रशासन | लेखा | | | १ | | १ | |
| २४ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ | ८ | | | ९ | |



.........................
डा.रामचन्द्र सापकोटा
निर्देशक

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

हेटौडा अस्पताल, हेटौडा

(Secondary B Level-300 Beded Hospital)

(200 Provincial + 100 Management Committee)

**दरबन्दी तेरिज**

| क.स. | पद, नाम | तह | सेवा | समूह | मौजुदा स्थायी दरबन्दी | मौजुदा अस्थायी दरबन्दी | मौजुदा दरबन्दीमा | | प्रस्तावित दरबन्दी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | थप | घट | | |
| १ | अस्पताल निर्देशक | ५/६/७ | स्वास्थ्य | ज.हे.स. | १ | | | | १ | |
| २ | ब/क.अब्स्ट्रे./गाईनोकोलोजिष्ट | | स्वास्थ्य | अब्स/गाइनो | १ | १ | | | २ | |
| ३ | ब/कन्सल्टेण्ट पेडियाट्रिसियन | | स्वास्थ्य | पेडियाट्रिक्स | १ | १ | | | २ | |
| ४ | ब/क.जनरल फिजिसियन | | स्वास्थ्य | मेडिसिन /ज.मे. | १ | १ | | | २ | |
| ५ | ब/कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट | | स्वास्थ्य | एनेस्थेसियोलोजि | १ | १ | | | २ | |
| ६ | ब/कन्सल्टेण्ट साइक्याट्रि | | स्वास्थ्य | साइक्याट्रि | १ | | | | १ | |
| ७ | ब/कन्सल्टेण्ट जनरल सर्जन | | स्वास्थ्य | सर्जरी/ज.स. | १ | | | | १ | |
| ८ | ब/कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | | स्वास्थ्य | सर्जरी/अर्थो. | १ | | | | १ | |
| ९ | ब/कन्सल्टेण्ट रेडियोलोजिष्ट | | स्वास्थ्य | रेडियोलोजी | १ | १ | | | २ | |
| १० | क.न्यूरोलोजिष्ट /क.चिकित्सक | | स्वास्थ्य | मेडिसिन न्यूरो./समुहिकृत नहुने | | १ | | | १ | |
| ११ | क.कार्डियोलोजिष्ट /क.चिकित्सक | | स्वास्थ्य | मेडिसिन कार्डियो./समुहिकृत नहुने | | १ | | | १ | |
| १२ | क.चेष्ट फिजिसियन /क.चिकित्सक | | स्वास्थ्य | मेडिसिन चेस्ट./समुहिकृत नहुने | | १ | | | १ | |
| १३ | क.ई.एन.टि.सर्जन/क.चिकित्सक | | स्वास्थ्य | सर्जरी ENT /समुहिकृत नहुने | | १ | | | १ | |
| १४ | मेडिकल अधिकृत | | स्वास्थ्य | ज.हे.स. | ४ | २१ | १ | | २६ | |
| १५ | डेन्टल सर्जन | | स्वास्थ्य | डेण्टिष्ट्री | १ | | | | १ | |
| १६ | होमियोप्याथिक चिकित्सक | | स्वास्थ्य | होमियोप्याथिक | | १ | | | १ | |
| १७ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | | स्वास्थ्य | मे.ल्या.टे. | १ | | | | १ | |
| १८ | नर्सिङ्ग अधिकृत | | स्वास्थ्य | ज.नर्सिङ्ग | १ | १ | | | २ | |
| १९ | फिजियोथेरापिष्ट | | स्वास्थ्य | फिजियोथेरापी | १ | | | | १ | |
| २० | रेडियोग्राफी टेक्नोलोजिष्ट | | स्वास्थ्य | रेडियोग्राफी | | ५ | | | ५ | |
| २१ | माइक्रोबायोलोजिष्ट | | स्वास्थ्य | मे.ल्या.टे. | | १ | | | १ | |
| २२ | अधिकृत | | प्रशासन | सा.प्र. | | | १ | | १ | |
| २३ | अधिकृत | | प्रशासन | लेखा | | | १ | | १ | |
| २४ | फार्मेसी सहायक | | स्वास्थ्य | फार्मेसी | १ | ८ | | | ९ | |
| २५ | ल्याब टेक्निसियन | | स्वास्थ्य | मे.ल्या.टे. | ३ | ९ | | | १२ | |
| २६ | मेडिकल रेकर्डर सुपरभाइजर | ५/६/७ | स्वास्थ्य | मे.रे. | १ | २ | | | ३ | |
| २७ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ | ७ | | | ८ | |
| २८ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | ज.नर्सिङ्ग | ६ | ५९ | | | ६५ | |
| २९ | हे.अ. वा सो सरह | ५/६/७ | स्वास्थ्य | हे.ई. | ५ | १० | | | १५ | |
| ३० | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | १ | २ | | | ३ | |
| ३१ | डेन्टल हाइजिनिष्ट | ४/५/६ | स्वास्थ्य | डेण्टिष्ट्री | १ | | | | १ | |
| ३२ | सहायक/अधिकृत | | प्रशासन | सा.प्र. | १ | | | | १ | |
| ३३ | सहायक/अधिकृत | ५/६ | प्रशासन | लेखा | १ | | | १ | ० | |
| ३४ | बायोमेडिकल टेक्निसियन | ५/६/७ | स्वास्थ्य | विविध | १ | | | | १ | |
| ३५ | अ.न.मी./प.हे.नर्स | ४/५/६ | स्वास्थ्य | क.न. | ५ | | | | ५ | |
| ३६ | ल्याब असिस्टेन्ट/ल्या.टे. | ४/५/६ | स्वास्थ्य | मे.ल्या.टे. | १ | | | | १ | |
| ३७ | डार्करुम सहायक/रेडिग्राफर | ४/५/६ | स्वास्थ्य | रेडियोग्राफी | १ | | | | १ | |
| ३८ | सहायक कम्प्युटर अपरेटर | ४/५ | प्रशासन | विविध | १ | ९ | | | १० | |
| ३९ | हलुका सवारी चालक | श्रेणी विहिन | ई. | मे.ई. | १ | | | | १ | |
| ४० | सुरक्षा गार्ड (का.स. वा सो सरह) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | | १६ | | | ० | |
| ४१ | स्वीपर (का.स. वा सो सरह) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ११ | १६ | | | ११ | |
| **कुल स्वीकृत दरबन्दी संख्या** | | | | | **५९** | **१७६** | **३** | **१** | **२०५** | **०** |

नोटः- अस्पताल व्यवस्थापन अधिकृत पद-१ सालबसाली अस्थायी दरबन्दीबाट व्यवस्था गर्ने ।



डा.रामचन्द्र सापकोटा

निर्देशक

# ३.२ अस्पतालमा विभिन्न दरबन्दीमा कार्यरत कर्मचारीहरुको संख्या

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

| क्र.स. | पद, नाम | तह | सेवा | समूह | स्थायी दरबन्दी | | | स्थायी कर्मचारी (काजमा | | विकास समिति तर्फ | | कार्यक्रम तर्फ | | | | | | | | | | | छात्रवृत्ति तर्फ | अस्थायी दरबन्दी | Tender | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी दरबन्दी जम्मा | कार्यरत स्थायी कर्मचारी | करार कर्मचारी | काजमा खटाउने निकाय | संख्या | स्विकृत दरबन्दी | कार्यरत करार कर्मचारी | उपचारात्मक कार्यक्रम | Art | CEONCE | Midwife | OCMC | Poshan | SNCU | Nagarpalika | SSU | Breast Feeding | Resident Doctor | कार्यरत करार कर्मचारी | | | | |
| १ | अस्पताल निर्देशक | ११ | स्वास्थ्य | ज.हे.स. | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | ब/क.अब्स्ट्रे./गाईनोकोलोजिष्ट | ९/१० | स्वास्थ्य | अब्स/गाइनो | २ | १ | ० | | ० | ० | १ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | |
| ३ | ब/कन्सल्टेण्ट पेडियाट्रिसियन | ९/१० | स्वास्थ्य | पेडियाट्रिक्स | २ | २ | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |
| ४ | ब/क.जनरल फिजिसियन | ९/१० | स्वास्थ्य | मेडिसिन /ज.मे. | २ | ० | १ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ३ | |
| ५ | ब/कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट | ९/१० | स्वास्थ्य | एनेस्थेसियोलोजि | २ | १ | १ | | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | |
| ६ | ब/कन्सल्टेण्ट साइक्याट्रि | ९/१० | स्वास्थ्य | साइक्याट्रि | १ | १ | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ७ | ब/कन्सल्टेण्ट जनरल सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/ज.स. | १ | ० | १ | | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ४ | |
| ८ | ब/कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी/अर्थो. | १ | १ | ० | | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ९ | |
| ९ | ब/कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९/१० | स्वास्थ्य | रेडियोलोजी | २ | ० | १ | | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | |
| १० | क.न्यूरोलोजिष्ट/क.चिकित्सक | ९/१० | स्वास्थ्य | मेडिसिन न्यूरो./समुहिकृत नहुने | १ | ० | ० | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ११ | क.कार्डियोलोजिष्ट /क.चिकित्सक | ९/१० | स्वास्थ्य | मेडिसिन कार्डियो./समुहिकृत नहुने | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | |
| १२ | ब. मेडिकल सुपरिटेन्डेन्ट/ क.चेष्ट फिजिसियन | ९/१० | स्वास्थ्य | मेडिसिन चेस्ट./समुहिकृत नहुने | १ | १ | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| १३ | क.ई.एन.टि.सर्जन/क.चिकित्सक | ९/१० | स्वास्थ्य | सर्जरी ENT /समुहिकृत नहुने | १ | १ | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| १४ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | २६ | १ | २२ | | १ | ० | २२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४६ | |
| १५ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेण्टिष्ट्री | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १६ | होमियोप्याथिक चिकित्सक | ८ | स्वास्थ्य | होमियोप्याथिक | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १७ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७/८ | स्वास्थ्य | मे.ल्या.टे. | १ | ० | १ | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ५ | |
| १८ | नर्सिङ्ग अधिकृत | ७/८ | स्वास्थ्य | ज.नर्सिङ्ग | २ | २ | ० | | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १८ | ० | ० | २२ | |
| १९ | फिजियोथेरापिष्ट | ७/८ | स्वास्थ्य | फिजियोथेरापी | १ | ० | १ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| २० | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७/८ | स्वास्थ्य | रेडियोग्राफी | ५ | १ | ४ | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | |
| २१ | माइक्रोबायोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे. | १ | ० | १ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| २२ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २३ | अधिकृत | ७/८ | प्रशासन | लेखा | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २४ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | ९ | ९ | ० | | ० | ० | ११ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २० | |
| २५ | ल्याब टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे. | १२ | ११ | ० | | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | |



डा.रामचन्द्र सापकोटा

निर्देशक

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

| क.स. | पद, नाम | तह | सेवा | समूह | स्थायी दरबन्दी | | | स्थायी कर्मचारी (काजमा | | विकास समिति तर्फ | | कार्य क्रम | | | | | | | | | | | छात्रवृत्ति तर्फ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी दरबन्दी जम्मा | कार्यरत स्थायी कर्मचारी | करार कर्मचारी | काजमा खटाउने निकाय | संख्या | स्विकृत दरबन्दी | कार्यरत करार कर्मचारी | उपचारात्मक कार्यक्रम | **Art** | **CEONCE** | **Midwife** | **OCMC** | **Poshan** | **SNCU** | **Nagarpalika** | **SSU** | **Breast Feeding** | **Resident Doctor** | कार्यरत करार कर्मचारी | अस्थायी दरबन्दी | **Tender** | **जम्मा** | कैफियत |
| २६ | मेडिकल रेकर्डर सुपरभाइजर | ५/६ | स्वास्थ्य | मे.रे. | ३ | १ | २ | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | |
| २७ | रेडियोग्राफर | | स्वास्थ्य | रेडियोग्राफी | ८ | ८ | ० | | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ११ | |
| २८ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | ज.नर्सिङ्ग | ६५ | ५० | १४ | | ० | ० | ३० | ० | १ | ० | ० | १ | ० | २ | १ | १ | २ | ० | ० | ० | ० | १०२ | |
| २९ | हे.अ. वा सो सरह | ५/६/७ | स्वास्थ्य | हे.ई. | १५ | १२ | ० | | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | |
| ३० | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | ३ | ३ | ० | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | |
| ३१ | डेन्टल हाइजिनिष्ट | ४/५/६ | स्वास्थ्य | डेन्टिष्ट्री | १ | ० | १ | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ३२ | सहायक/अधिकृत | ५/६ | प्रशासन | सा.प्र. | १ | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ३३ | सहायक/अधिकृत | ५/६ | प्रशासन | लेखा | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ३४ | बायोमेडिकल टेक्निसियन | ५/६/७ | स्वास्थ्य | विविध | १ | १ | ० | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ३५ | अ.न.मी./प.हे.नर्स | ४/५/६ | स्वास्थ्य | क.न. | ५ | ३ | ० | | ० | ० | १४ | ० | ० | १ | ० | ० | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० | २२ | |
| ३६ | ल्याब असिस्टेन्ट/ल्या.टे. | ४/५/६ | स्वास्थ्य | मे.ल्या.टे. | १ | १ | ० | | ० | ० | ६ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | |
| ३७ | डार्करुम सहायक/रेडियाफर | ४/५/६ | स्वास्थ्य | रेडियोग्राफी | १ | ० | १ | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ३८ | सहायक कम्प्युटर अपरेटर | ४/५ | प्रशासन | विविध | १० | ० | १० | | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२ | |
| ३९ | हलुका सवारी चालक | श्रेणी विहिन | ई. | मे.ई. | १ | १ | ० | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ४० | सुरक्षा गार्ड (का.स. वा सो सरह) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | ११ | ३० | |
| ४१ | स्वीपर (का.स. वा सो सरह) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ११ | २ | ९ | | ० | ० | ३६ | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १५ | ३२ | ९७ | |
| ४२ | ब.क.डर्माटोलोजिष्ट | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ४३ | MD Prothodontics | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ४ | |
| ४४ | MDGP | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |
| ४५ | MD Pathology | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ४ | |
| ४६ | MD forensic Medicine and toxicology | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |
| ४७ | MD Clinical Pharmacology | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |
| ४८ | MD Microbiologist | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |
| ४९ | Ophtalogist | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ४ | |
| ५० | MD Biochemist | ९ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |



डा.रामचन्द्र सापकोटा
निर्देशक

| बागमती प्रदेश सरकार | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य मन्त्रालय | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क.स. | पद, नाम | तह | सेवा | समूह | स्थायी दरबन्दी | | | स्थायी कर्मचारी (काजमा | | विकास समिति तर्फ | | कार्यक्रम तर्फ | | | | | | | | | | | छात्रवृत्ति तर्फ | | | | |
| | | | | | स्थायी दरबन्दी जम्मा | कार्यरत स्थायी कर्मचारी | करार कर्मचारी | काजमा खटाउने निकाय | संख्या | स्विकृत दरबन्दी | कार्यरत करार कर्मचारी | उपचारात्मक कार्यक्रम | **Art** | **CEONCE** | **Midwife** | **OCMC** | **Poshan** | **SNCU** | **Nagarpalika** | **SSU** | **Breast Feeding** | **Resident Doctor** | कार्यरत करार कर्मचारी | अस्थायी दरबन्दी | **Tender** | **जम्मा** | कैफियत |
| ५१ | आयुर्वेद चिकित्सक | ८ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ५२ | Resident Doctor | ८ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | ० | ० | ० | ८ | |
| ५३ | अस्पताल व्यवस्थापन अधिकृत | ७ | | | ० | ० | ० | ० | ० | ० | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ५४ | फार्मेसी अधिकृत | ७ | स्वास्थ्य | फार्मेसी | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ४ | |
| ५५ | वायोमेडिकल इन्जिनियर | ७ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ५६ | अप्टिसियन अधिकृत | ७ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ३ | |
| ५७ | ओ.टि टेक्निसियन | ५ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ५८ | फिजियोथेरापिष्ट सहायक | ५ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ५९ | डायलाइसिस टेक्निसियन | ५ | स्वास्थ्य | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | |
| ६० | सहायक लेखा पाल | ४ | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ६१ | खरिदार (काउन्टर) | ४ | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ६२ | डाटा इन्ट्री/क्यासियर | ४ | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | |
| ६३ | काउन्टर सहायक | ४ | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ६४ | अक्सिजन प्लान्ट अपरेटर | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | |
| ६५ | इलेक्ट्रिसियन /प्लम्बर | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ६६ | CSSD सहायक | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | |
| ६७ | SSU सहजकर्ता | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ७ | |
| ६८ | ज्यामी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | |
| ६९ | भान्छे | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | |
| **कुल स्वीकृत दरबन्दी संख्या** | | | | | २०५ | ११४ | ७० | ० | २ | ० | २१२ | १ | १ | ६ | ० | १ | ८ | २ | २ | ४ | २ | ८ | ४३ | ३१ | ४४ | ५५१ | |
| | | | | | | ११६ | | | | | | | | | | | | | | | | | | | | | |



.........................

डा.रामचन्द्र सापकोटा

निर्देशक

## ३.३ कार्य विवरण

### ३.३.१. विभागको कार्यविवरण

**क) रेडियोलोजि विभाग (Radiology Department):**

- बिरामीहरुको शारीरिक अवस्थाको निदान र उपचारका लागि आधुनिक उपकरण र प्रविधिहरुको प्रयोग गर्ने ।
- शरिर भित्रका संरचनाहरुको अध्ययन गर्ने विभिन्न प्रकारका इमेजिङ्ग प्रविधि प्रदान गर्ने ।
- इन्टरभेन्सनल रेडियोलोजी सेवा प्रदान गर्ने ।
- अत्याधुनिक प्रविधि र उपकरणहरुबाट बिरामीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राख्दै न्यूनतम विकिरण प्रवाह सुनिश्चित गर्ने ।
- चिकित्सकहरुसँग परामर्श गरी बिरामीको सही निदानमा सहयोग गर्ने, इमेजिङ्ग रिपोर्टहरुको व्याख्या गरी थप उपचारको सिफारिस गर्ने र विशेषज्ञ परामर्श सेवा प्रदान गर्ने ।
- रोगको प्रारम्भिक अवस्था पत्ता लगाउन शरीरको विभिन्न भागहरुको नियमित स्क्यान, रेडियोलोजी सेवाहरुको महत्व र सही उपयोगबारे जानकारी दिने, मेडिकल विद्यार्थीहरु र स्वास्थ्यकर्मीहरुलाई रेडियोलोजी प्रविधि सम्बन्धी तालिम गर्ने ।
- Diagnostic Imaging Services: एक्स-रे (X-ray), अल्ट्रासाउन्ड (Ultrasound), सिटि स्क्यान (CT-Scan), एमआरआई (MRI), Endoscopy, Mammogram सेवा प्रदान गर्ने ।

**ख) बालरोग विभाग (Pediatrics Department):**

- नवजात शिशु, बालबालिका र किशोरहरुको स्वास्थ्य समस्याको निदान, उपचार र रोकथाम गर्ने ।
- खोप सेवा प्रदान गर्न योजना निर्माण र कार्यान्वयन गर्ने ।
- मानसिक र भावनात्मक स्वास्थ्य विकासबारे परामर्श गर्ने ।
- बालरोग विभागले बालबालिकाको समग्र स्वास्थ्य सुधारमा ध्यान दिने ।
- कुपोषणको उपचार र स्वस्थ पोषणसम्बन्धी सल्लाह, बच्चाहरुको शारीरिक विकास मापन र पोषण स्थिति सुधार गर्ने ।
- दीर्घकालिन रोगहरुको व्यवस्थापन गर्ने ।
- जन्मजात समस्या पहिचान र समाधान, शिशुहरुमा लागि आवश्यक पोषण, स्वास्थ्य जाँच र परामर्श सेवा प्रदान गर्ने ।

- अभिभावकहरुलाई बच्चाको स्वास्थ्य, पोषण र रोगबाट बचाउने उपायहरुबारे शिक्षित गर्ने, विद्यालयमा स्वास्थ्य जाँच अभियान सञ्चालन, बालबालिकालाई रोग फैलावटबाट जोगाउन आवश्यक जनचेतना फैलाउने ।
- Play Therapy संचालन गरी उपचार प्रणालीमा अन्तरक्रिया गराउने ।

## ग) सर्जरी विभाग (Surgery Department):

- शारीरिक समस्या समाधान गर्न शल्यक्रिया(सर्जरी) मार्फत निदान र उपचार प्रदान गर्ने ।
- रोग पहिचानका लागि सर्जिकल बायोप्सी गर्ने ।
- बिरामीको समग्र स्वास्थ्य अवस्थाको अध्ययन गरी दीर्घकालिन उपचार योजना बनाउने ।
- आपतकालिन शल्यक्रिया सेवा प्रदान गर्ने ।
- सामान्य एवंम जटिल शल्यक्रिया मार्फत उपचार गर्ने ।
- अत्याधुनिक सर्जिकल उपकरण र प्रविधिको प्रयोग, दक्ष विशेषज्ञहरु द्वारा शल्यक्रिया सेवा, सर्जरीपछि बिरामीको पुनःस्थापनाका लागि बहुविषयगत सहयोग गर्ने ।
- चिकित्सा विद्यार्थी र स्वास्थ्यकर्मीहरुलाई सर्जरी प्रविधिमा तालिम दिने ।
- विशेष शल्यक्रियाः

## घ) स्त्री तथा प्रसुति रोग विभाग (Obstetrics and Gynecology Department):

- महिलाको प्रजनन स्वास्थ्य, गर्भावस्था र प्रसुति व्यवस्थापन गर्ने । महिलाको स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्दै सुरक्षित मातृत्व सुनिश्चित गर्ने
- गर्भावस्था सम्बन्धी जटिल अवस्थाहरुको व्यवस्थापन गर्ने ।
- पाठेघर सम्बन्धी क्यान्सरहरुको पहिचान गर्ने, परिक्षण, पहिचानका लागि नियमित परिक्षण, क्यान्सर प्रारम्भिक अवस्था उपचार र प्रेषण गर्ने ।
- प्रसूति व्यवस्थापनः सुरक्षित डेलिभरीका लागि आवश्यक सेवा, सामान्य डेलिभरी र सिजेसियन सेक्शन शल्यक्रियाको व्यवस्था, डेलिभरीपछि आमाको स्वास्थ्य सुधारका लागि विशेष हेरचाह गर्ने ।
- असुरक्षित गर्भपतन रोक्न सुरक्षित गर्भपतन सेवा, गर्भपतनपछि महिलाको स्वास्थ्य सुधारका लागि आवश्यक हेरचाह गर्ने ।
- गर्भावस्थामा महिलाको नियमित स्वास्थ्य जाँच, अल्ट्रासाउन्ड, रक्त परिक्षण र अन्य आवश्यक जाँचहरु, गर्भावस्थाको दौरान पोषण, व्यायाम र औषधि सम्बन्धी परामर्श गर्ने ।



डा.रामचन्द्र सापकोटा
निर्देशक

- महिलाहरुलाई महिनावारी, गर्भनिरोध र सुरक्षित मातृत्वबारे जानकारी प्रदान गर्ने, ग्रामीण क्षेत्रमा महिलाको स्वास्थ्य सुधारका लागि विशेष कार्यक्रम, महिलालाई मानसिक, शारीरिक र सामाजिक समस्यामा परामर्श प्रदान गर्ने ।

**ङ) मानसिक विभाग (Psychiatry Department):**

- मानसिक, भावनात्मक र व्यवहार सम्बन्धी समस्या भएका बिरामीलाई समग्र सेवा र परामर्श प्रदान गर्ने ।
- लागू पदार्थ, मदिरा र अन्य लतबाट प्रभावित व्यक्तको उपचार, पुनर्स्थापना र लत नियन्त्रणका लागि विशेष कार्यक्रम गर्ने ।
- मनोचिकित्सा परामर्शः व्यक्तिगत, परिवार वा समूह परामर्श मार्फत मानसिक समस्याको समाधान, संज्ञानात्मक व्यवहार थेरापी र अन्य विधिको प्रयोग गर्ने ।
- आपतकालीन मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने ।
- पुनर्स्थापनामूलक सेवाः मानसिक रोगबाट निको भएका बिरामीलाई पून:सामाजिक जीवनमा फर्काउन सहयोग गर्ने ।
- मानसिक रोगको निदान र उपचार गर्ने ।
- औषधि उपचारः मानसिक रोगहरुमा प्रयोग हुने औषधिको प्रभाव र दुष्प्रभावको नियमित अनुगमन गर्ने ।
- मानसिक स्वास्थ्य शिक्षाः समुदायमा मानसिक स्वास्थ्यप्रतिको जागरुकता फैलाउने, मानसिक समस्या पहिचान र रोकथामका उपायहरुबारे जानकारी दिन कार्यक्रम आयोजना गर्ने।
- गोपनीयता र सम्मानसहित बिरामीको मानसिक स्वास्थ्य समस्या समाधान गर्ने ।
- बहुविषयगत टोली द्वारा मानसिक, सामाजिक र व्यवहारगत समस्याको समाधान गर्ने ।

**च) अर्थोपेडिक विभाग (Orthopedic Department):**

- हाडजोर्नी, मांसपेशी र स्नायु प्रणाली सँग सम्बन्धित चोटपटक, जन्मजात विकृति तथा दीर्घकालिन रोगहरुको निदान, उपचार र पुनर्स्थापनामा सेवा प्रदान गर्ने ।
- शल्यक्रिया सेवा प्रदान गर्ने ।
- दीर्घकालिन रोग व्यवस्थापनः जोर्नीको घिस्रने समस्या, मांसपेशीको कमजोरी वा दीर्घकालिन हड्डी रोगहरुको उपचार गर्ने ।
- बिरामीहरुलाई हड्डी जोर्नी सम्बन्धि स्वास्थ्यबारे जानकारी प्रदान, रोकथामका उपायहरुबारे जनचेतना फैलाउने ।
- हाड र जोर्नी सम्बन्धी समस्या निदान र उपचार गर्ने ।
- पुनर्स्थापनात्मक सेवा (Rehabilitation Services) प्रदान गर्ने ।



डा.रामचन्द्र सापकोटा
निर्देशक

- आकस्मिक सेवा (Emergency Care) प्रदान गर्ने ।
- Sports Injuries: खेलकुदका क्रममा भएका चोटपटक, लिगामेन्ट टुट्ने (Ligament Tear) वा मांसपेशीको समस्याको उपचार, खेलाडीको शिघ्र पुनर्स्थापनाका विशेष उपचार गर्ने ।
- आधुनिक उपकरण र प्रविधि जस्तै एक्स-रे, सिटि स्क्यान र एमआरआई मार्फत सटिक निदान गर्ने ।

## छ) प्याथोलोजी विभाग (Pathology Department):

- रोग निदान (Diagnosis): रक्त, मूत्र र अन्य शरीरका तरल पदार्थहरुको परिक्षण गरी रोगको निदान गर्न सहयोग पुर्याउने, विभिन्न प्रकारका बायोमेडिकल, माइक्रोबियल र हेमेटोलोजिकल परिक्षणहरु गर्ने ।
- जाँच र परिक्षणको गुणस्तर सुनिश्चित गर्ने ।
- नयाँ उपचार विधि र औषधिहरुको अनुसन्धानमा योगदान गर्ने, प्रयोगशाला विभागले स्वास्थ्य विज्ञानको प्रगति र नयाँ प्रविधिहरुको अनुसन्धानमा गर्ने
- प्रयोगशाला रिपोर्टहरु तयार गर्ने ।
- प्रयोगशाला उपकरणहरुको मर्मत र संरक्षण गर्ने ।
- Preventive Tests: रोगको जोखिम पहिचान गर्नका लागि नियमित रुपमा स्वास्थ्य परिक्षण गर्ने ।
- स्वास्थ्य निगरानी (Health Monitoring): बिरामीहरुको स्वास्थ्य स्थितिको निगरानी गर्नका लागि विभिन्न परिक्षणहरु गर्ने ।

## ज) इमर्जेन्सी विभाग (Emergency Department):

- तत्काल चिकित्सा सेवाहरु प्रदान गर्ने ।
- रोगीको स्थिरता कायम गर्ने ।
- इमर्जेन्सी विभागले अन्य अस्पताल विभाग सँग समन्वयमा काम गर्ने ।
- बिरामीलाई अस्पतालका अन्य अस्पताल विभागमा सार्नु वा प्रेषण गर्ने ।
- तत्काल प्रतिक्रिया योजनाः अस्पतालको इमर्जेन्सी विभागमा प्राकृतिक प्रकोप, सामूहिक दुर्घटना र महामारीको अवस्थामा तत्काल प्रतिक्रिया योजना (Emergency Response Plan) तयार गर्ने र कार्यान्वयन गर्ने ।
- आपतकालिन औषधिहरुको व्यवस्था गर्ने ।
- प्राथमिक उपचार (First Aid) प्रदान गर्ने ।
- बिरामीको निगरानी र अनुगमन गर्ने ।
- शल्यचिकित्सा र हस्तक्षेप (Surgical and Medical Interventions) गर्ने ।



डा.रामचन्द्र सापकोटा
निर्देशक

झ) फरेन्सिक विभाग **(Forensic Department):**

- मृत्युको कारण निर्धारण (Cause of Death Determination) गर्ने ।
- प्रमाणिकरण र कानूनी रिपोर्ट तयार गर्ने ।
- मृत्युको कारण र अवस्था पहिचान गर्न घटनास्थलमा भएका संकेतहरु र प्रमाणहरुको विश्लेषण गर्ने ।
- शव परिक्षण रिपोर्ट, जाँच रिपोर्ट र प्रमाण प्रमाणित गर्ने ।
- दुराचार र हिंसा घटनाहरुको अनुसन्धान गर्ने।
- चोटपटक र शारीरिक अवस्था जाँच गर्ने ।
- घटनास्थालको अनुसन्धान र प्रमाण संकलन गर्ने ।
- शरीरिक चोटपटक र अंगहरुको अवस्था परिक्षण गर्दा, यसले घटनाको कारण र कानूनी प्रमाणका रुपमा प्रयोग गर्न योग्य जानकारी दिने ।
- औषधिहरुको ओभरडोज र विषाक्तता जाँच, परिक्षण गर्ने र रिपोर्ट तयार गर्ने ।

ञ) मेडिसिन विभाग **(Medicine Department):**

- विभिन्न प्रकारका रोगहरुको निदान, व्यवस्थापन र उपचार गर्ने ।
- कुनै पनि संक्रमण फैलावट रोक्न आवश्यक सेवा प्रदान गर्ने ।
- जटिल रोगहरुको लागि विशेषज्ञ चिकित्सकहरुसँगको परामर्श, बिरामीलाई आवश्यकता अनुसार अन्य विभाग तर्फ सिफारिस गर्ने ।
- प्राथमिक र दीर्घकालिन दुवै प्रकारका सेवाहरुमा विशेष ध्यान दिने ।
- स्वास्थ्य परिक्षण र परामर्श गर्ने ।
- मेडिसिन विभागले अस्पतालका अन्य विभागहरु सँग समन्वय गरी बिरामीलाई समग्र स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- रोग अनुसार सही औषधि सिफारिस गर्ने, बिरामीलाई औषधिको दुष्प्रभावबारे जानकारी दिने ।
- सामान्य र जटिल रोगहरुको उपचार, सामान्य संक्रमणहरुको उपचार, प्रारम्भिक परिक्षण र औषधिको सिफारिस गर्ने ।
- स्वास्थ्य परिक्षणका लागि जैविक नमूनाहरुको विश्लेषण गर्ने ।
- दीर्घकालीन रोगहरुको व्यवस्थापन गर्ने र यी रोगहरुको नियमित अनुगमन तथा परामर्श सेवा गर्ने ।
- बिरामीको लक्षणहरुको अध्ययन गरी रोगको निदान, रोगको प्राथमिक अवस्थामै पहिचान गरी उपचारको रणनीति तयार गर्ने ।



..........................
डा.रामचन्द्र सापकोटा
निर्देशक

- बिरामीहरुलाई स्वस्थ जीवनशैलीको महत्व र रोगहरुको रोकथामबारे जानकारी दिने ।

## ट) छाला, यौन तथा कुष्ठरोग विभाग (Dermatology Department):

- छाला, कपाल, नङ सम्बन्धित समस्याहरुको निदान, उपचार र रोकथामको सेवा प्रदान गर्ने ।
- चर्म क्यान्सरको पहिचान र उपचार गर्ने ।
- छालामा हुने संक्रमणहरुको उपचार, छालामा हुने भाइरल, ब्याक्टेरियल र फंगल संक्रमणको व्यवस्थापन गर्ने ।
- कपाल र नङ सम्बन्धी समस्या समाधान गर्ने ।
- लेजर थेरापी सेवा प्रदान गर्ने ।
- सौन्दर्य सम्बन्धी उपचार गर्ने ।
- छालाको दीर्घकालिन समस्या व्यवस्थापन गर्ने र दीर्घकालिन छालारोगहरुको व्यवस्थापन, नियमित परिक्षण र उपचार योजना बनाउने ।
- छालाको रोगहरुको निदान र उपचार गर्ने ।
- छालाको स्वास्थ्य जोगाउन आवश्यक उपायहरुबारे जनचेतना फैलाउने, बिरामीलाई छालाको हेरचाह र सफाइ सम्बन्धी सही तरिका सिकाउने ।
- रोग रोकथामका उपायहरु परामर्श दिने ।

## ठ) ई.एन.टि विभाग (ENT Department):

- नाक (Nose), कान (Ear), घाँटी (Throat) र टाउको तथा घाँटी क्षेत्र सँग सम्बन्धित रोगहरुको निदान, उपचार र शल्यक्रियामा विशेषज्ञता प्रदान गर्ने ।
- शल्यक्रिया सेवाहरु (Surgical Services) प्रदान गर्ने ।
- श्वासप्रश्वास, श्रवण, वाणी र गन्ध सम्बन्धी समस्याहरु समाधान गर्ने ।
- शिक्षा र जनचेतना कार्यक्रमः नाक, कान, घाँटीको स्वास्थ्य जोगाउन सुझाव र जानकारी दिने ।

## ड) एनेस्थेसिया विभाग (Anesthesia Department):

- शल्यक्रिया र अन्य चिकित्सकीय प्रक्रियाको समयमा बिरामीलाई पिडा रहित सुरक्षित राख्न एनेस्थेसिया सेवा प्रदान गर्ने ।
- अत्याधुनिक उपकरण द्वारा बिरामीको अवस्था निगरानी गर्ने ।
- शल्यक्रिया पछि बिरामीको हेरचाह गर्ने ।



डा.रामचन्द्र सापकोटा
निर्देशक

ढ) डेन्टल विभाग **(Dental Department):**

- मुख, दाँत, गिजा र मुखको अन्य संरचना सँग सम्बन्धित समस्या समाधान गर्न विशेषज्ञता प्रदान गर्ने ।
- दाँत सफा गर्ने तथा भर्ने (Scaling & Filling), दाँत उखेल्ने (Extraction) र रुट क्यानल उपचार (RCT) सेवा प्रदान गर्ने ।
- मुख तथा दन्त स्वास्थ्य सम्बन्धी परामर्श र रोकथाममूलक सेवाहरू उपलब्ध गराउने ।
- नक्कली दाँत राख्ने (Prosthodontics) तथा दाँतको मिलावट (Orthodontic consultation) सम्बन्धी सेवा प्रदान गर्ने ।
- मुख तथा गिजा सम्बन्धी रोगहरूको पहिचान र उपचार गर्ने ।

ण) न्यूरो सर्जरी विभाग (**Neurosurgery Department):**

- मस्तिष्क, मेरुदण्ड (Spine) र स्नायु प्रणाली (Nervous System) सँग सम्बन्धित रोग तथा चोटपटकको विशेषज्ञ शल्यक्रिया तथा उपचार सेवा प्रदान गर्ने ।
- टाउकोमा लागेको चोट (Head Injury) र मेरुदण्डको चोटपटकको आकस्मिक तथा सघन उपचार प्रदान गर्ने ।
- ब्रेन ट्युमर, स्ट्रोक (Brain Stroke) र स्नायु सम्बन्धी जटिल समस्याहरूको पहिचान तथा शल्यक्रियात्मक व्यवस्थापन गर्ने ।

त) कार्डियोथोरैसिक एण्ड भास्कुलर सर्जरी विभाग (**CTVS Department):**

- मुटु, छाती (Thorax) र रक्तनली (Vascular) सँग सम्बन्धित जटिल रोगहरूको पहिचान र शल्यक्रियात्मक उपचार सेवा प्रदान गर्ने ।
- छाती तथा मुटुको चोटपटक भएका बिरामीहरूलाई आकस्मिक शल्यक्रिया र सघन हेरचाह उपलब्ध गराउने ।
- रक्तनलीका रोगहरू (Vascular diseases) र छातीभित्रका अङ्गहरूको समस्याको शल्यक्रियात्मक व्यवस्थापन गर्ने ।

थ) युरोलोजी विभाग (**Urology Department):**

- मिर्गौला (Kidney), मुत्रथैली (Bladder), मुत्रनली र पुरुष प्रजनन प्रणालीसँग सम्बन्धित रोगहरूको विशेषज्ञ उपचार तथा शल्यक्रिया गर्ने ।



..........................
डा.रामचन्द्र सापकोटा
निर्देशक

- मिर्गौला तथा मुत्रथैलीको पत्थरी (Kidney/Bladder Stones) को आधुनिक तथा दूरबीन प्रविधिबाट शल्यक्रिया र उपचार गर्ने ।
- प्रोस्टेट (Prostate) सम्बन्धी समस्या, मुत्रमार्गको सङ्क्रमण र मुत्रप्रणालीका अन्य जटिलताहरूको निदान तथा व्यवस्थापन गर्ने ।

## द) आँखा रोग विभाग (Eye/Ophthalmology Department):

- दृष्टि सम्बन्धी समस्या, आँखाका रोगहरू र सङ्क्रमणको परीक्षण, निदान तथा विशेषज्ञ उपचार सेवा प्रदान गर्ने ।
- मोतियाबिन्दु (Cataract), जलविन्दु (Glaucoma) लगायत आँखाका अन्य शल्यक्रियाहरू सम्पादन गर्ने ।
- दृष्टि जाँच (Refraction), चश्माको सिफारिस तथा आँखाको स्वास्थ्य जोगाउन रोकथाममूलक परामर्श उपलब्ध गराउने ।

## ध) फेमिली मेडिसिन विभाग (Family Medicine Department):

- सबै उमेर समूहका बिरामीहरूलाई एकीकृत, निरन्तर र समग्र स्वास्थ्य परामर्श तथा प्राथमिक उपचार सेवा प्रदान गर्ने ।
- दीर्घरोगहरू (जस्तैः उच्च रक्तचाप, मधुमेह, थाइरोइड) को नियमित अनुगमन, नियन्त्रण र समग्र व्यवस्थापन गर्ने ।
- व्यक्ति तथा परिवारको शारीरिक एवं मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि रोकथाममूलक परामर्श र प्रेषण (Referral) सेवा प्रदान गर्ने ।



डा.रामचन्द्र सापकोटा
निर्देशक

## ४. अस्पतालबाट प्रदान गरिने सेवा

- सामान्य चिकित्सा, ओ.पी.डी., इण्डोर सेवा(हाडजोर्नी विषेशज्ञ सेवा, बालरोग सेवा, स्त्री तथा प्रसुति सेवा,डेन्टल, जनरल मेडिसिन, ई.न.टी., सर्जरी, साईक्राइटिस, फिजियोथेरापि, चर्मरोग, आयुर्वेदिक, न्यूरो सर्जन, हेमियोप्याथिक)
- दैनिक गर्भवती जाँच सेवा
- २४ सै घण्टा इमर्जेन्सी सेवा
- सामान्य तथा जटिल प्रसुति सेवा
- अपरेशनबाट सुत्केरी गराउने (सिजेरीपन सेक्सन सेवा)
- Pathology, Lab, X-Ray, CT Scan, Endoscopy, USG, ECG, MRI
- फिजियोथेरापी सेवा
- २४ सै घण्टा फार्मेसी सेवा
- ICU/SNCU, Dialysis सेवा NICU/PICU (शिध्र रुपमा सुचारु हुदै)
- अपरेशन सेवा
  - Minor
  - Major
  - ड्रेसिङ्ग, प्लाष्टर आदि सेवा
- सामाजिक सेवा इकाई
- ART सेवा (HIV/AIDS सेवा)
- दन्त सेवा
- आयुर्वेद सेवा
- क्याविन सेवा
- जेरायट्रिक वार्ड सेवा
- मेडिकल वार्ड सेवा
- सर्जिकल वार्ड सेवा
- OT वार्ड सेवा
- OCMC एकद्वार संकट व्यवस्थापन केन्द्र सेवा
- सुरक्षित गर्भपतन सेवा
- परिवार नियोजन सेवा
- Nutrition सेवा
- सम्पूर्ण हड्डीको अपरेशन सेवा
- नाक,कान,घाँटीको अपरेशन सेवा
- सामान्य अपरेशन, पेट आन्द्राको विशिष्ट सर्जरी सेवा, Laparoscopic Surgery



डा.रामचन्द्र सापकोटा
निर्देशक

## ५. अस्पतालको विभाग, वार्ड, ईकाई, शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | निर्देशक | डा.रामचन्द्र सापकोटा | |
| २ | प्रशासन शाखा | श्री सुरेन्द्र देव बडु(अस्पताल व्यवस्थापन अ.) | |
| ३ | आर्थिक प्रशासन शाखा | श्री विनिता सिंह | |
| ४ | भण्डार शाखा(स्टोर) | श्री विशाल अधिकारी | |
| ५ | नर्सिङ्ग शाखा | श्री समिता लामा | |
| ६ | मेडिकल रेकर्डर शाखा | श्री हरिश मल्ल | |
| ७ | स्वास्थ्य बीमा ईकाई | श्री सुधिर साह | |
| ८ | OCMC ईकाई | श्री अमृता कुमारी श्रेष्ठ | |
| ९ | फार्मेसी शाखा | श्री सान्त्वना बराल | |
| १० | प्रयोगशाला शाखा | श्री राज कुमार शर्मा | |
| ११ | ईमर्जेन्सी शाखा | श्री राज कुमार शाही | |
| १२ | डायलाइसिस ईकाई | श्री सिमा कंडेल | |
| १३ | फिजियोथेरापि शाखा | श्री ग्याल्छैन घिसिङ्ग | |
| १४ | दन्त रोग विभाग | डा.गरिमा खड्का | |
| १५ | रेडियोलोजि विभाग | डा.रुपेन्द्र खड्गी | |
| १६ | मानसिक रोग विभाग | डा.उद्धव लामा | |
| १७ | बालरोग विभाग | डा.राजु सेढाई | |
| १८ | स्त्री रोग तथा प्रसुति रोग विभाग | डा.राघवेन्द्र ठाकुर | |
| १९ | हाडजोर्नी रोग विभाग | डा.रामचन्द्र सापकोटा | |



.....................................
डा.रामचन्द्र सापकोटा
निर्देशक

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- स्वास्थ्य मन्त्रालय तथा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयबमोजिम दस्तुर लाग्ने ।
- रोग र सेवाको प्रकृति अनुसार

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

अस्पतालको विभिन्न शाखाहरूमा प्राप्त सम्बन्धित उजुरीहरू र अन्य सबै गर्नु पर्ने निर्णयहरू सम्बन्धित शाखा प्रमुखहरू मार्फत पेस भई अस्पताल निर्देशक गर्ने । अस्पताल निर्देशकमा प्राप्त भएका विषयहरूको अध्ययन गरी सम्बन्धित शाखाहरूमा आवश्यक काम कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारबाही प्रक्रिया अगाडी बढाइने र अन्त्यमा सम्बन्धित अधिकारीको निर्देशनमा सम्बन्धित कार्यालय/निकायमा पत्राचार गर्ने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

अस्पतालका निर्देशक डा.रामचन्द्र सापकोटा

## ९. अस्पतालको सम्पादन गरेका मुख्य-मुख्य कामको विवरणः

1. NICU OPD सञ्चालन
2. Eye OPD सञ्चालन
3. Urology OPD सञ्चालन
4. Separated Ward सञ्चालन
5. Burn Ward सञ्चालन
6. Waiting Area सञ्चालन
7. Dialysis Ward को बेड संख्या विस्तार गरिएको



डा.रामचन्द्र सापकोटा
निर्देशक

**१०. अस्पतालको सूचना अधिकारी र प्रमुखको नाम पदः**

क. अस्पतालको नाम र पदः डा.रामचन्द्र सापकोटा, निर्देशक/ अधिकृत दशौं

ख. सूचना अधिकारीको नाम र पदः श्री सुरेन्द्र देव बडु, अस्पताल व्यवस्थापन अधिकृत

**११. ऐन, नियम तथा निर्देशिकाको सूचीः**

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयबाट हालसम्म तयार भएका प्रमुख ऐन, नियमावली तथा कार्यविधिहरूको विवरण यस प्रकार रहेको छ ।

- नेपाल स्वास्थ्य सेवा ऐन २०५३ र नियमावली २०५५
- नेपाल मेडिकल काउन्सिल ऐन २०२० र नियमावली २०२४
- प्रदेश स्वास्थ्य सेवा ऐन (पहिलो संशोधन) २०८१
- प्रदेश स्वास्थ्य सेवा नियमावली (पहिलो संशोधन), २०८१
- सामाजिक सेवा एकाई (स्थापना तथा संचालन) निर्देशिका २०७८

**१२. अस्पतालको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

| क्रस | विवरण | कुल विनियोजित | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | एड्स तथा यौन रोग नियन्त्रण (३७०९११२९३) | ८२४000.00 | ७२०९६०.०० | ८७.५० |
| २ | क्षयरोग नियन्त्रण (३७०९११२०३) | ३००००.०० | २९९००.०० | ९९.६७ |
| ३ | नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम (३७०९११२२३) | ७१५००००.०० | ७०९३७०१.०० | ९९.२१ |
| ४ | परिवार कल्याण कार्यक्रम (३७०९११२८३) | ४७७८००००.०० | ४३४९४२६७.०० | ९१.०३ |
| ५ | स्वास्थ्य मन्त्रालय (३७०००१०१३) | ३८९२०००.०० | ३८९२०००.०० | १०० |
| ६ | महामारी रोग नियन्त्रण कार्यक्रम (३७०९११२६३) | ३८८०००.०० | १८२८५३.०० | ४७.१३ |
| ७ | पुँजीगत खर्च (३७००५०११४) | २१४४८३८००.०० | १८७७६९८५१.०० | ८७.५५ |
| ८ | चालु खर्च (३७००५०११३) | ३३५४७२०९१.०० | ३०७६६८३६२.९३ | ९१.७१ |

१३. अस्पतालको वेभसाईटको विवरण: https://www.hetaudahospital.gov.np/

१४. अस्पतालले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :- छैन

१५. अस्पतालले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :- नरहेको

१६. अस्पतालमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयहरु :-

नरहेको

१७. अस्पतालको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण :-

वेभसाईट: https://www.hetaudahospital.gov.np/

ईमेल: **hospital.hetauda@gmail.com**



.........................
डा.रामचन्द्र सापकोटा
निर्देशक